SAGAR DISTILLERY
www.sagardistilleries.com

Regd. No.: 313023/79/080
info@sagardistilleries.com

पत्र संख्याः २०८२।८३
चलानी नं. ९८२

Sagar Distillery Limited Nepal Reg. No. 313023

मितिः २०८२।०९।०४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ।

विषयः वार्षिक साधारण सभा तथा शेयर दा.खा. बन्द (**Book Close**) सम्बन्धमा।

महाशय,

उपरोक्त सम्बन्धमा, मिति २०८२।०९।०३ गते दिनको ४ बजे बसेको यस कम्पनीको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं।

सभा हुने मिति, समय र स्थान

मितिः २०८२।०९। २७ गते, आइतबार (तदनुसार ११ जनवरी २०२६)
समयः बिहान ९:३० बजे
स्थानः इला रिसोर्ट, गैंडाकोट, नवलपुर।

कम्पनीको तेस्रो वार्षिक साधारण सभाको प्रयोजनार्थ मिति २०८२।०९।१४ गते एक दिनका लागि कम्पनीको शेयर दाखिल खारेज (दा.खा) बन्द रहने समेत जानकारी गराउँदछौं। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२।०९।१३ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, काठमाण्डौमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा अन्य काम कारबाहीमा भाग लिन योग्य हुनेछन्।

साथै, वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२।०९।०४ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा संलग्न गरिएको बमोजिम प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराउँदछौं।

भवदीय,

....
सौरभ कारंजित
कम्पनी सचिव

बोधार्थः

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ।
३. श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, काठमाण्डौ।

NEPSE BULLS
The GOVERNOR SMOKEWOOD CASK WHISKY
GREY WOLF PLATINUM FILTERED
BERRIES & BLUES
ROYAL BLUE
MAXX

Panauti Municipality
Office of the Municipal Executive
Panauti , kavre
Bagmati Province, Nepal

Invitation for E-quotations

Date of Publication: 2082/09/04

The Office of the Municipal Executive, Panauti municipality invites electronic quotations from Nepalese Eligible Bidders for the following projects under Bidding Procedures. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Panauti municipality, Kavre .

S. N.	Contract Identification No.	Description of Project	Bid Document Fee, Nrs.	Bid Security Amount Nrs.	Estimate Amount	Remarks
1	Quot/Panauti/ 2082/83/Vetmed/01	Suppply of veterinary medicine	1000	25000	999450	E-quotations

Panauti Municipality.

Arjundhara Municipality
Office of Municipal Executive
Shanischare, Jhapa
Koshi Province, Nepal

Invitation for Sealed Quotation

Date of Publication:-2082-09-04

Arjundhara Municipality invites electronics Sealed Quotation bids from Nepalese eligible bidders for the **Purchase of veterinary medicines** under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information and inspect the Sealed Quotation forms through PPMO e-GP system www.bolpatra.gov.np or May Visit Arjundhara Municipality website **www.arjundharamun.gov.np**

S.N.	Invitation for Bids No:	Last Date of Bid Submissions	Date of Opening	Bid Document Fee (Nrs)	Bid Security Amount (Nrs)
1	02/AM/GOODS/SQ/082/083	04-01-2026 12:00	04-01-2026 12:15	1000.00	52,000.00

Bagmati Province Government
Ministry Of Social Development
Social Development Office, Gajuri, Dhading

Invitation for Bids

First Date of publication: 2082/09/04 (19/12/2025)

Social Development Office, Gajuri, Dhading invites only electronic bids from Nepalese eligible bidders for the following projects under National competitive Bidding procedures as mentioned in the table below.

S. N.	Contract ID	Name of Project	Estimated Amount (Without VAT & PS) (NRS.)	Last Date of Bid Submission	Date of Bid Opening	Bid Security Amount (NRS.)	Cost of Bid document (NRS.)
1.	SDOGAJURI/ NCB/WORKS/ 03/082-083	Construction of Boys and Girls Toilet at Shree Mahendra Secondary School, Kakani Ward No. 7, Nuwakot	17,86,373.25	12:00 hrs on 2082/10/04 (18/01/2026)	14:00 hrs on 2082/10/04 (18/01/2026)	50,000	3000

All other information and bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period .

Office Chief

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७, काभ्रेपलाञ्चोक,
बागमती प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०४

यस रोशी गाउँपालिकामा रिक्त रहेका निम्न बमोजिमको पदमा खुल्ला प्रतियोगिताको माध्यमबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारम रोशी गाउँपालिकाको वेबसाईट www.roshimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

क्र.सं.	विज्ञापन नं	पद	तह	माग पद संख्या	दरखास्त दस्तुर
१	४/०८२/८३	अ.न.मी.	सहायक चौथो सरह	१०	७००।-

१) परीक्षाको किसिम:- संक्षिप्त सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।
२) शैक्षिक योग्यता:- मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी उत्तीर्ण गरी नर्सिङ काउन्सिलमा दर्ता भएको । (SBA, MA र RUOSG को तालिम प्राप्त उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।
३) उम्मेदवारको उमेर हद:- दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४) दरखास्त दिने अन्तिम मिति:- २०८२/०९/१८ गते कार्यालय समय भित्र ।
५) दरखास्त बुझाउने स्थान/माध्यम:-
   क. रोशी गाउँ कार्यपालिकाको कार्यालय, रोशी-७, अमलटार, प्रशासन शाखा ।
   ख. अनलाईन मार्फत आवेदन पेश गर्नको लागि सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि, राजस्व जम्मा गरेको भौचर र दरखास्त फारम scan गरी pdf फाइल बनाएर गाउँपालिकाको इमेल ito.roshimun@gmail.com मा पठाउन सकिनेछ ।
६) तलब तथा सेवा सुविधा:- नियमानुसार ।
७) दरखास्त फारमसाथ पेश गर्नुपर्ने कागजातहरु:- उम्मेदवारको व्यक्तिगत विवरण, हालसालै खिचेको २ प्रति पासपोर्ट साइज फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी, अनुभव खुल्ने कागजात, प्रचलित नेपालको कानून बमोजिम परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपि, दरखास्त दस्तुर बुझाएको सक्कल भौचर ।
८) दरखास्त दस्तुर बुझाउने स्थान:- रोशी गाउँपालिकाको राजस्व शाखा वा रोशी गाउँपालिकाको सिद्धार्थ बैंक, रोशी शाखा, कटुन्जेबेशीको राजश्व खाता नं ०३६१८२११५५० मा रकम जम्मा गरी सक्कल बैंक भौचर पेश गर्न सकिनेछ ।
९) रितपुर्वक प्राप्त नभएका र म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।
१०) लिखित परीक्षाको मिति पछि तोकिने छ ।
११) सुचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम गठित उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
१२) थप जानकारीको लागि ९८४९६९४५७९, ९८४९०९३४८३, ९८५१२०१९३७

संयोजक
पदपूर्ती समिति

युनियन मेवा हाइड्रो लिमिटेड
लि. दर्ता नं: १५३८७९/०७३/०७४
ललितपुर महानगरपालिका-२, ललितपुर

वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०४ गते

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२/०९/०१ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

साधारण सभा बस्ने मिति, समय र स्थान :
मिति : २०८२ साल पौष महिना २५ गते शुक्रबार (तदनुसार जनवरी ९, २०२६) ।
समय : बिहान ११:०० बजे ।
स्थान : ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २, स्थित कम्पनीको रजिष्टर्ड कार्यालय ।

छलफलका विषयहरु:
क) विशेष प्रस्ताव:
१. कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्ने ।
ख) साधारण प्रस्तावहरु:
१. संचालक समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. वार्षिक साधारण सभाको माइन्यूटमा हस्ताक्षर गर्ने प्रतिनिधीको नियुक्ति गर्ने ।
ग) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
युनियन मेवा हाइड्रो लि.

सागर डिष्टिलरी लिमिटेडको
तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०४

आदरणीय शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८२/०९/०३ गते बिहिबार दिनको ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८२।०९।२७ गते, आइतबार (तदनुसार ११ जनवरी २०२६)
समय : बिहान ९:३० बजे ।
स्थान : इला रिसोर्ट, गैंडाकोट, नवलपुर

छलफलका विषयहरु:
क) सामान्य प्रस्तावहरु:
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा,
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धमा,
३. आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (हालको लेखापरिक्षक लालवानी ऐण्ड एसोसिएट्सका लेखा परिक्षक निश्चल लालवानीज्यू पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ ।),
४. सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने,
५. संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका सञ्चालकज्यूको नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धमा,
ख) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी थप जानकारी:
१. तेस्रो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१४ गते (१) एक दिन कम्पनीको शेयर धनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ । मिति २०८२/०९/१३ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन तथा मतदान दिन सक्नेछन् ।
२. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ८:३० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले हितग्राही खाता खोलिएको (डिम्याट)/ शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी साथमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभा हुने स्थानमा प्रवेश गरी छलफल तथा मतदानमा भाग लिन पाईने छैन ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा प्रोक्सी पत्र साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको कर्पोरेट कार्यालयमा (काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ०१, लालकोलोनी मार्ग) दर्ता गराउनु पर्नेछ । प्रोक्सी दर्ता गरिसकेपछि सो बदर गराउन चाहेमा सो को सूचना सभा हुनुभन्दा २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफैसँग बाँकी राखी प्रतिनिधि मुकरर गर्न पाईने छैन । सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ ।
५. सर्वसाधारण समुहको निर्वाचन सम्बन्धी कार्यक्रम वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको कर्पोरेट कार्यालय लालदरबार काठमाण्डौको सूचना पटीमा टाँस गरिनेछ ।
६. सञ्चालक निर्वाचन सम्बन्धमा कम्पनीको कर्पोरेट कार्यालय स्थित सागर डिष्टिलरी लिमिटेड, निर्वाचन अधिकृतको कार्यालय, काठमाडौं-०१ काठमाडौंले प्रकाशन गरेको निर्वाचन कार्यतालिका अनुसार हुनेछ ।
७. नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ ।
८. प्रतिनिधि नियुक्त गर्ने शेयरधनी कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी वा संगठित संस्थाले नियुक्ती गर्ने व्यक्तिको नाम ठेगाना र परिचयपत्र सहित सो संस्था वा कम्पनीको आधिकारिक लेटरहेडमा सो कुरा खुलाई संस्थाको छाप, आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले प्रतिनिधि नियुक्त गर्दा प्रोक्सी मार्फत कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र गर्न सकिनेछ ।
९. विविध शीर्षक अन्तर्गत सभामा छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा सात दिन अगावै छलफलको विषय खोली कम्पनी सचिव मार्फत लिखित रुपमा सञ्चालक समितिका अध्यक्षलाई जानकारी दिनुपर्नेछ ।
१०. संचालक निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय काठमाडौं -१ स्थित निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
११. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस कम्पनीको कर्पोरेट कार्यालय काठमाडौं -१ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा वेबसाईट www.sagardistilleries.com मा हेर्नुहुन अनुरोध छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

SAGAR DISTILLERY
सागर डिष्टिलरी लिमिटेड
रजिष्टर्ड कार्यालय: देवचुली-१, केऔनी, नवलपुर
कर्पोरेट कार्यालय: काठमाडौं-१, लाल कोलोनी मार्ग
ईमेल: marketing@sagardistilleries.com
वेभसाईट: www.sagardistilleries.com